# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १०] का माडौं, फागुन २७ गते २०१७ साल [अतिरिक्ताङ्क २७

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाई बक्सेकोतल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

### २०१७ सालको ऐन नं. २९

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपाल तारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंगबहादुर शाहबहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम्।

## विशेष परिस्थितिमा नियन्त्रण गर्न बनेको ऐन

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट विशेष परिस्थितिमा नियन्त्रणका लागि नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाई बक्सेको छ—

१. <u>संक्षिप्त नाम, बिस्तार र प्रारम्भ</u>:— (१) यस ऐनको नाम विशेष परिस्थिति नियन्त्रण ऐन, २०१७ रहेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ र जहांसुकै रहे बसेको भएता-पनि सबै नेपाली नागरिकलाई लागू हुनेछ।

(३) यो ऐन २०१७ साल फागुन २२ गते देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "नेपाली नागरिक" भन्नाले नागरिकता सम्बन्धी प्रचलित नेपाल कानून बमोजिम तत्काल नेपाल अधिराज्यको नागरिक रहेको जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत निकालिएको आदेशमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ।

३. आदेश निकाल्ने अधिकारः– (१) श्री ५ को सरकारले नेपाल अधिराज्यको सुरक्षाको निमित्त आवश्यक देखेमा नेपाल गजेटमा सूचना प्रकाशित गरी सामान्य तवरले सबै नेपाली नागरिकहरूको वा कुनै खास बर्गका नेपाली नागरिकको, वा लिखित सूचना दिई कुनै खास नेपाली नागरिकको, गतिविधिलाई नियन्त्रण गर्न सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर यस दफा अन्तर्गत कुनै नेपाली नागरिकका सम्बन्धमा देहायक सबै वा केही कुराहरूको आदेश निकाल्न सकिनेछः–

(क) तोकिएको समय भित्र नेपाल अधिराज्यमा प्रवेश गरी नेपाल अधिराज्यको कुनै तोकिएको क्षेत्रमा बस्नु पर्ने, वा

(ख) तोकिएको वर्गका व्यक्ति वा संस्था वा तोकिएको खास व्यक्ति वा संस्था संग तोकिएको काम कुरामा सम्पर्क राख्न नपाउने, वा

(ग) तोकिएका कार्यहरूमा लाग्न नपाउने, वा

(घ) तोकिएका वस्तुहरू राख्न वा प्रयोग गर्न नपाउने, वा

(ङ) तोकिएका कुराहरूमा आफ्नो आचरण नियमित गर्नु पर्ने।

४. दण्ड सजायः (१) कुनै नेपाली नागरिकले दफा ३ को उपदफा (२) को खण्ड (क) अन्तर्गत निकालिने आदेशमा तोकिएको समय भित्र नेपाल अधिराज्यमा प्रवेश नगरेमा र तोकिएको क्षेत्रमा नबसेमा त्यस्तो व्यक्तिको नेपाल अधिराज्य भित्र रहेको सम्पत्ति श्री ५ को सरकारको आदेश द्वारा रोक्का वा जफत वा दुबै हुन सक्नेछ र त्यस्तो व्यक्तिलाई पछि जुनसुकै बखत श्री ५ को सरकारको आदेश द्वारा बढीमा एक वर्ष सम्म कैद वा पाँच सय रुपैयां सम्म जरिवाना वा दुबै सजाय हुन सक्नेछ।

(२) कुनै नेपाली नागरिकले दफा ३ को उपदफा (२) को खण्ड (क) बाहेक अरू खण्ड अन्तर्गत निकालिने आदेशको विपरित कुनै काम गरेमा निजलाई श्री ५ को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारका आदेशले बढीमा एक वर्ष सम्म कैदै गन वा पांच शय रूपैयां सम्म जरिवाना गर्न वा नेपाल कानून अन्तर्गत श्री ५ को सरकारबाट निजले पाई राखको हक सुविधा झिक्न वा ती सबै किसिमका सजाय गर्न सकिने छ ।

५. अदालतमा प्रश्न उठ्न नसक्ने:– यो ऐन अन्तर्गत श्री ५ को सरकारले निकालेको आदेश उपर कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

६. यो ऐन र यस ऐन अन्तर्गत बनेका आदेश बमोजिम गर्नेः प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन वा यस ऐन अन्तर्गत निकालिएको आदेशमा लेखिएकोमा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

७. बचाउः नेपाल अधिराज्यको संविधानको धारा ५५(४) अनुसार यो एन निस्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानिई यो ऐन अन्तर्गत भए गरेका काम कुरामा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

लालमोहर सदर मिति २०१७।११।२६।५

आज्ञाले—
उदयप्रसाद उपाध्याय,
श्री ५ को सरकारका का. मु. सचिव,
कानून मन्त्रालय,

रेखापत्र छापाखानामा मुद्रित

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गराएपछि मात्र लागु हुनेछ।